आज मिति २०७८/०१/१९ गते आइतबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| ~~प्रमुख~~ अनुसन्धान अधिकृत | - ~~श्री निर्मल पौडेल~~ श्री भजन राय | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, सभापती, नेपाली कांग्रेस

श्री भिष्मराज श्रेष्ठ, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी

श्री दिर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अर्जुन कुमार श्रेष्ठ, ब.उ., उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री अनिल भण्डारी, कोषाध्यक्ष, पत्रकार महासंघ

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री दिपक घिमिरे, सिड्स नेपाल

प्र.ना.नि. श्री कृष्ण बहादुर क्षेत्री, जिल्ला ट्राफिक कार्यालय, सिन्धुली ।

श्री तारा बहादुर दाहाल, सिन्धुली ट्रक व्यवसायी संघ

श्री रकुशराज पौडेल, कार्यकारी निर्देशक, रिलिफ नेपाल

श्री राजन गाउँले, एफ्. एन. जे. बागमती प्रदेश सचिव

श्री शिव बहादुर बस्नेत, धुनौलो डि.पी. यातायात

श्री राजन परियार न्यूज २४ टि.भी.

श्री अंशु बस्नेत धुनौलो डि.पी. यातायात

श्री रविन्द्र भट्टराई जनता टि.भी. सिन्धुली संवाददाता

निर्णयहरुः

१. राष्ट्रिय परिचयपत्रको अभियान गोलन्जोर गा.पा. र फिक्कल गा.पा.बाट सम्पन्न गरी सुनकोशी र घ्याङ्लेख गा.पा.को केही वडामा कार्यक्रम सुरू भएको । कोभिड-१९ को दोस्रो चरणको संक्रमण बढ्दो गतीमा रहेको । अभियान संचालन रहेको सुनकोशी गाउँपालिकाको वडा नं. ५ मूलकोटमा समेत एकै दिन १२ जनामा पोजेटिभ देखिएकोले उक्त अभियान आजैका मितिबाट अर्को सूचना नभए सम्म स्थगन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

२. यस जिल्लाका विभिन्न स्थानमा रहेका स्थायी प्रकृतिका पसल, डिपार्टमेन्ट स्टोर, होटल लगायतका व्यापारिक केन्द्रहरुमा स्वास्थ्य मापदण्ड नअपनाई संचालनमा रहेको पाइएकोले स्वास्थ्य तथा सुरक्षा मापदण्ड अपनाई संचालनमा ल्याउन उद्योग बाणिज्य संघ र सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

३. कोभिड-१९ को संक्रमण दर बढ्दो गतिमा रहेको अवस्थामा Contract Tracing लाई तिव्रता दिन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

४. कोभिड अस्पतालमा स्थापना गरिएको Oxygen Plant लाई प्रभावकारी रुपमा संचालन गर्न सिन्धुली अस्पताललाई अनुरोध गर्ने ।

५. तीनपाटन र घ्याङ्लेख गा.पा.मा कार्यरत मेडिकल अफिसरहरुलाई जिल्लामा विस्तार भइरहेको कोभिड नियन्त्रण गर्न Covid Hospital सिन्धुलीमा काजमा खटाई दिन दुइवटै स्थानीय तहलाई अनुरोध गर्ने ।

६. गत वर्ष संचालनमा ल्याइएको Appolo Hospital को आइसोलेसन सेन्टरलाई पुनः संचालनमा ल्याउन स्वास्थ्य कार्यालय, सिन्धुली अस्पताल र कमलामाई नगरपालिकालाई अनुरोध गर्ने ।